Economic National Daily
# आर्थिक
राष्ट्रिय दैनिक




◆ वर्ष १२ ◆ अङ्क ३४९१ ◆ २०७८ भदौ २७ गते आइतबार ◆ ने.सं. ११४१ ◆ पृष्ठ ८ ◆ Sunday, September 12, 2021 ◆ मूल्य रु. ५/- ◆ Web: www.aarthikdainik.com

## कन्काई बहुउद्देश्यीय आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारी सम्बन्धी

## सार्वजनिक सूचना

(प्रकाशन मिति: २०७८-०५-२७)

प्रदेश नं. १ अन्तर्गत ईलाम जिल्लाको माइसेबुङ गाउँपालिका, माई नगरपालिका, देउमाई नगरपालिका, ईलाम नगरपालिका, फुलाफुली गाउँपालिका तथा झापा जिल्लाको शिवसताक्षी गाउँपालिका र कन्काई नगरपालिका भएर बग्ने कन्काई नदीमा श्री विद्युत विकास विभागद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | श्री विद्युत विकास विभाग<br>ठेगाना : सानो गौचरण, काठमाण्डौ नेपाल ।<br>फोन नं : ०१-४५३४११९, ०१-४५४५४९१, ०१-४५२३२०६<br>फ्याक्स नं : ५२४४२५७<br>P.O. Box- २५०७<br>इमेल: info@doed.gov.np<br>वेबसाइट: www.doed.gov.np |
| प्रस्तावको व्यहोरा | विद्युत विकास विभागबाट अध्ययनका लागि प्रदान गरिएको Co-ordinates अनुसार आयोजना प्रभावित क्षेत्र ईलाम जिल्लाको माइसेबुङ गाउँपालिकाको वडा नं. ३, ४ र ५, माई नगरपालिकाको वडा नं. १, २, ३, ४, ५, ६, ७, ८, ९ र १०, देउमाई नगरपालिकाको वडा नं. ७ र ९, ईलाम नगरपालिकाको वडा नं. ११ फुलाफुली गाउँपालिका वडा नं. १, २ र ३, र झापा जिल्लाको शिवसताक्षी गाउँपालिकाको वडा नं. ९, १० र ११, कन्काई नगरपालिकाको वडा नं. १, २ रहेका छन्।<br>प्रस्तावित आयोजना बहुउद्देश्यीय आयोजना हो जसअन्तर्गत जलविद्युत आयोजना, Flood control, Re-regulating Reservoir, बाढी नियन्त्रण, Inland Water Transport (IWT), माछा पालन, पर्यटन क्षेत्रको विकास, सिँचाइ प्रणाली आदि पर्दछन्। यो अध्ययनले मुख्यत जलविद्युत आयोजना (६० मे. वा.), Re-regulating Reservoir, बाढी नियन्त्रण, जलाशयमा Inland Water Transport (IWT), माछा पालन, पर्यटन क्षेत्रको विकास आदि समेटेको छ।<br>Re-regulating Reservoir बाट निस्केको पानी तल्लो तटीय क्षेत्र झापा जिल्लामा सिँचाइको लागि प्रयोग गरि करिब ६४,६८८ हेक्टर कुल कमाण्ड एरिया (Gross Command Area) मा सिँचाई सुविधा पुर्याउने लक्ष्य रहेको छ । सिँचाईको लागि विस्तृत वातावरणीय अध्ययन यो अध्ययनले समेटेको छैन।<br>जलविद्युत आयोजना तथा जलाशयमा हुने डुबान क्षेत्र तथा विभिन्न संरचनाहरुको निर्माणका लागि कुल ५६४५ हे. जग्गा आवश्यक पर्नेछ जसमध्ये ५६३० हे. स्थायी रुपमा १५ हे. अस्थायी रुपमा प्रयोग गरिनेछ।<br>उक्त आयोजना कार्यान्वयन गर्नुपूर्व वातावरणीय संरक्षण नियमावली २०७७ को अनुसूची १२ (नियम-७ को उपनियम (५) को खण्ड (ग)) मा दिइएको वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदनको ढाँचा बमोजिम यस वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको लागि यो सूचना प्रकाशित गरिएको छ। |
| प्रत्यक्ष प्रभाव पर्ने जिल्ला/न. पा. / गा. पा. | ईलाम जिल्लाको माई नगरपालिकाको वडा नं. १, २, ३, ४, ५, ६, ७, ८, ९ र १०<br>र<br>झापा जिल्लाको शिवसताक्षी नगरपालिकाको वडा नं. १०, कन्काई नगरपालिकाको वडा नं. २ |
| अप्रत्यक्ष प्रभाव पर्ने जिल्ला/न. पा. / गा. पा. | ईलाम जिल्लाको माइसेबुङ गाउँपालिका, माई नगरपालिका, देउमाई नगरपालिका, ईलाम नगरपालिका, फुलाफुली गाउँपालिका<br>र<br>झापा जिल्लाको शिवसताक्षी गाउँपालिका, कन्काई नगरपालिका । |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीहरुमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, सामुदायिक वन तथा सम्पूर्ण सरोकारवाला व्यक्ति वा संस्थाहरुको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगाना

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | विद्युत विकास विभाग<br>ठेगाना : सानो गौचरण, काठमाण्डौ नेपाल ।<br>फोन नं : ०१-४५३४११९, ०१-४५४५४९१, ०१-४५२३२०६<br>फ्याक्स नं : ५२४४२५७<br>P.O. Box- २५०७<br>इमेल: info@doed.gov.np<br>वेबसाइट: www.doed.gov.np |
| परामर्शदाताको नाम र ठेगाना | **GEOCE Consultants Pvt. Ltd., Sanima Hydro and Engineering Pvt. Ltd. and Beam Consultant Pvt. Ltd. (BCPL)**<br>ठेगाना: किरण भवन मार्ग, सानेपा, ललितपुर, नेपाल<br>इमेल : geoce@info.com.np<br>मोबाइल नं : +९७७-१-५५२११७५, ५५४५५४२<br>फ्याक्स : +९७७-१-५५२६०९६ |